जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।। -कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना
जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक ७५ • २०८१ पौष २२ गते सोमवार • 6 Jan. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## संविधानमा संशोधनको आवश्यकता : पूर्वउपप्रधान एवम् गृहमन्त्री विमलेन्द्र निधि

जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ पौष

पूर्वउपप्रधान एवम् गृहमन्त्री विमलेन्द्र निधिले संविधानमा संशोधनको आवश्यकता रहेको बताएका छन् । आइतबार जनकपुरधाममा नेपाल प्रजातन्त्र सेनानी संघ मधेश प्रदेशको प्रथम प्रदेश अधिवेशनको समुद्घाटन समारोहमा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै नेता निधिले वर्तमान संविधानका कतिपय विषयहरुमा संशोधनको आवश्यकता रहेको बताएका हुन् । उनले भने, 'कुन विषयमा संविधानमा संशोधन गर्ने त्यसको लागि दलभित्र पनि अग्रसरता लिनुपर्दछ।

संविधानको प्रयोग पछि समिक्षा गरेर कुन धारामा कस्तो संशोधन गर्नुपर्छ त्यसको पहिचान गरी पार्टीभित्र पनि छलफल आवश्यक देखिन्छ। अन्य दललगायत नागरिक समाजसँग पनि छलफल गरेर संविधान संशोधनको अभियानलाई अगाडि बढाउनु अपरिहार्य छ ।' उनले कांग्रेसकै अग्रसरतामा संविधानको कार्यान्वयन हुनुपर्ने समेत बताए। संघीयता, लोकतन्त्र र गणतन्त्रलाई बलियो बनाउनका लागि सातवटै प्रदेशमा प्रहरी संगठन र निजामति कर्मचारी संरचना प्रदेशको आफ्नै हुनुपर्ने उनको भनाइ थियो।

'सबै प्रदेशको आफ्नै प्रहरी संगठन र निजामति कर्मचारी संरचना भएन भने यसलाई संघीय सिद्धान्त अनुसारको प्रणाली छ भन्न मिल्दैन,निधिले भने। संविधानका लागि सङ्घीय संरचनाअनुसार सबै प्रदेशले प्रदेश प्रहरीको व्यवस्था गर्न पाउनुपर्ने उल्लेख गर्दै संविधानको दिगोपनका लागि आवश्यकताअनुसार परिमार्जन तथा संशोधन गर्दै जानुपर्नेमासमेत उनले जोड दिए। 'सङ्घीयतालाई दिगो र सबल बनाउन केन्द्रीय मानसिकता हटाएर संविधानको अनुसूचीअनुसार प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको प्रयोग गर्न पाउनु पर्छ, सातै प्रदेशमा सङ्घीय संरचना अनुसार प्रदेशले प्रदेश प्रहरी तत्काल राख्न पाउनु पर्छ,' उनले भने। नेता निधिले नेकपा एमाले र नेपाली कांग्रेस नेतृत्वको संयुक्त सरकार लामो समयसम्म चल्ने दाबी गर्दै कांग्रेस सभापति शेरबहादुर देउवाको प्रधानमन्त्री बन्ने पालो आउन बाँकी रहेको र देउवाको पालोसम्म जसरी पनि सरकार चलाउनु पर्ने आवश्यकता रहेको बताए। उनले भने, 'हामीलाई चित्त दुखेपनि सरकार विथोल्नु हुँदैन । राम्रो काम भएपनि/नभएपनि, मन परेपनि/नपरेपनि वर्तमान सरकार टिक्न जरुरी छ।' संविधानसभाबाट जारी नेपालको संविधानले पहिलो पटक नेपाली जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाएको उल्लेख गर्दै उनले वर्तमान संविधानका ९ वटा आधारभूत तत्वहरु राष्ट्रियता, लोकतन्त्र, समाजवाद, गणतन्त्र, संघीयता, समावेशीता, मिश्रित निर्वाचन प्रणाली, धर्मनिरपेक्षता, अहिंसा र शान्ति विशेषतामा गर्व गर्नुपर्ने बताए। उनले यी सबै संविधान निर्माणका मौलिक आधारहरु रहेको धारणा राखे। यसको बारेमा अध्ययन आवश्यक रहेको उनले बताए। अर्को प्रसंगमा बोल्दै उनले भने, 'नेपाली जनताले आन्दोलन गरेर आजसम्म जे अधिकार प्राप्त गरेका छन् त्यसमा प्रजातन्त्र सेनानीको महत्वपूर्ण भूमिका छ। राणा शासनलाई समाप्त पारेर संवैधानिक राजतन्त्र र संसदीय प्रणाली ल्याइएको थियो। त्यसपछि नेपालमा फेरि निरंकुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन गरेर बहुदलीय प्रणाली आयो । फेरि माओवादीको द्वन्द्वलाई समाधान गरेर माओवादीहरुलाई राजनीतिको मूल प्रवाहमा ल्याएर, राजाको अधिनायकवादी कदमको विरुद्धमा आन्दोलन गरेर नेपालमा हामीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली ल्यायौं।




## निःशुल्क सेवा दिने उद्देश्यले एम्बुलेन्स सञ्चालन

जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ पौष

धनुषाको गणेशमान चारनाथ नगरपालिकाले गर्भवती तथा सुत्केरीलाई निःशुल्क सेवा दिने उद्देश्यले एम्बुलेन्स सञ्चालनमा ल्याएको छ। घरमै सुत्केरी हुने दरलाई शून्यमा झार्न र अस्पतालमा सुरक्षित रुपमा सुत्केरी गराउन अभिप्रेरित गर्ने उद्देश्यले आइतबारदेखि एम्बुलेन्स सञ्चालनमा ल्याएको नगर प्रमुख जितनारायण यादवले बताउनुभयो।

“पालिकाभित्रका सबै गर्भवती तथा सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँछौं। यसले गर्भवती महिला तथा सुत्केरी भइसकेपछि आमा र शिशुको स्वास्थ्यका बारेमा रेखदेख र आवश्यक परामर्श दिन पनि सहज हुन्छ", उहाँले भन्नुभयो । गणेशमान चारनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रणजित यादवले नगरभित्रका आफ्ना नागरिकलाई सहज स्वास्थ्य सेवा दिने उद्देश्यले एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको बताउनुभयो।



गर्भवती तथा सुत्केरीलाई निःशुल्क सेवा दिने बताउँदै उहाँले अन्य प्रकारका बिरामीलाई न्यून शुल्क लिएर सेवा उपलब्ध गराउने जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाभित्रका मात्र नभएर छिमेकी पालिकाका बिरामीलाई समेत एम्बुलेन्स सेवा उपलब्ध हुनेछ । आकस्मिक बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजान सजिलो होस् भन्ने पालिकाको उद्देश्य छ।

## रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशाला बनाउन डीपीआर तयार



जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ पौष

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधाममा रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशाला बनाउन डीपीआर तयार अवस्थामा रहेको बताएका छन् । आइतबारदेखि जनकपुरधाममा सुरु भएको 'जय ट्रफी मेन्स एलाइट कप'को उद्घाटन समारोहमा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले भोली पुष २२ गते राष्ट्रिय खेलकुद परिषद र गुठी संस्थानसँग मधेश प्रदेश सरकारले ग्राउण्डका लागि सम्झौता गर्ने र पास हुनेबित्तिकै मन्त्रीपरिषद्बाट निर्णय गरेर फाइल काठमाडौं पठाइने जानकारी दिएका हुन् । करिव ७ वर्षअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधामको विकासका लागि दिने भनेको १ अर्ब रुपैयाँ अहिलेसम्म खर्च नभएकोले सो रकम रंगशाला निर्माणमा लगाउने र थप १ अर्ब रुपैयाँ मधेश प्रदेश सरकारबाट लगानी गर्नेसमेत उनले जानकारी दिए । प्रधानमन्त्री मोदीले घोषणा गरेको रकम खर्च गर्न मन्त्रीपरिषदबाट निर्णय गरेर केन्द्रमा पठाउनुपर्ने र केन्द्र सरकारले पास गरेपछि भारतीय दूतावासमा गएपछाडि मात्र टेन्डर गर्न सक्ने प्रक्रिया रहेकोले प्राविधिक त्रुटीहरुका कारण अहिलेसम्म टेन्डर हुन नसकेको मुख्यमन्त्री सिंहले जानकारी दिए।

गुठी संस्थानले राष्ट्रिय खेलकुद परिषदसँग सम्झौता गरिसकेको अवस्थामा प्रदेश सरकारसँग जगा नभएको कारणले टिप्पणी उठाउन नसकिएको जानकारी दिँदै उनले स्टेडियमका लागि साढे २ देखि ३ अर्बसम्मको टेन्डर हुने बताए । मुख्यमन्त्री सिंहले अन्य खेलहरुमा पनि मधेश प्रदेश सरकार अगाडि बढेर जहिलेपनि यहाँका युवाहरुको वृति विकासमा सँगै रहने प्रतिबद्धतासमेत जनाएका छन्।



एकडारा गाउँपालिकामा हुलाक कार्यालय स्थापना भएको क्षण,पालिका अध्यक्ष दीप नारायण मण्डलको साथमा

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# सम्पादकीय....................

## राजनीतिमा सरलपन

*राज्य र प्रशासनसँग सम्बन्धित सामाजिक सिद्धान्त नै राजनीति हो । राजनीति गर्ने मानिसमा उच्च नैतिक चरित्र हुनु पर्छ । विभिन्न प्रकारका ज्ञानले पनि भरिपूर्ण हुन जरुरी हुन्छ । मुलुक र जनतालाई केन्द्रविन्दु बनाएर काम गर्न सक्ने व्यक्ति नै असल राजनीतिकर्मी कहलिन्छ । राजनीति सरल बाटोमा हिँड्दैन भन्ने गरिन्छ । राजनीति सरल रेखामा हिँड्यो भने मुलुकको जीवन सहज हुँदै गई जनताको जीवनमा समेत सकारात्मक परिवर्तन आउन थाल्छन् । राजनीति जति बाङ्गो हुँदै जान्छ, मुलुक त्यति नै अस्तव्यस्त हुने क्रम बढ्छ । राजनीतिकर्मीमा नैतिकता र इमानदारिताले डेरा जमाउँदै गएमा राजनीति सरल हुँदै जान्छ भने राजनीतिकर्मी मुलुक निर्माण र जनसेवाबाट टाढिँदै गएमा राजनीति विकृत बन्दै जान्छ ।*

*मुलुकको राजनीतिक वातावरण कस्तो बनाउने भन्ने मूलतः राजनीतिक दलका नेतामा भर पर्छ । राजनीति भनेको नीतिहरूको मूलनीति मानिन्छ । कतिपय नीति मानव जीवनलाई आदर्शमय बनाउनैका लागि बनेका हुन्छन् । कतिपय नीति अर्थसम्बन्धी विचारमा मात्रै केन्द्रित रहेका हुन्छन् । धर्मनीति, कूटनीति, परराष्ट्र नीति आदि विभिन्न नीति निर्माण गरिएका छन् । यस्ता नीतिले मानव जीवन या मुलुकको कुनै न कुनै एक क्षेत्रमा मात्रै प्रभाव पारिरहेका हुन्छन् ।*

*सरल देखिए पनि काम हुन सक्छ भन्नका लागि केही उदाहरण प्रस्तुत गरिएको हो । सञ्चार माध्यममा छाएर लोकप्रियता बटुल्ने प्रयासभन्दा नतिजामुखी काम गरेर कमाएको नाम दीर्घकालसम्म जपिन्छ । सत्ता र शक्तिमा रहँदाको वाहवाही क्षणिक हुने हुँदा पदमा रहेकाहरूले सत्ता गुमेपछि पनि सम्मान गर्न लायक काम गरेर देखाउन सक्नु पर्छ । मत जितेर भन्दा जनताको मन जितेर इतिहासमा नाम लेखाउने प्रयत्न राजनीतिकर्मीबाट भएमा देश पनि सुध्रिन्छ र जनता पनि सुखी हुन्छन् ।*

# गाउँपालिकाकी उपाध्यक्षद्वारा आफ्नै पालिकाको गाडीमा तोडफोड



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २१ पौष**

आफूलाई घरमा रिसिभ गर्न नआएको भन्दै सिरहाको बिष्णुपुर गाउँपालिकाकी उपाध्यक्षले आफ्नै पालिकाको गाडी तोडफोड गरेकी छन् । कार्यालय जानका लागि आफूलाई घरमा लिन नआएको भन्दै उपाध्यक्ष गीता कुमारी सिंहले आइतबार आफ्नै पालिकाको बा. २ भ ३६४३ नम्बरको सरकारी स्कारपियो तोडफोड गरेकी हुन् । उपाध्यक्ष सिंहले पालिकाको सो गाडीलाई इँटा र ढुङ्गाले हानेर झ्याल तथा ढोकाको सिसा फुटाउनुका साथै गाडीको विभिन्न भाग कुच्च्याएको चालक बाबुनाथ यादवले बताए । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष एउटै गाडी चढ्दै आएका छन् ।

अध्यक्षले गाडी धेरै प्रयोग गर्ने र उपाध्यक्षले कुनै काममा जान गाडी माग्दा दिन आनाकानी गर्दा उपाध्यक्ष आक्रोशित हुँदै आएको एक कर्मचारीले बताए । आज पनि उपाध्यक्षले गाडीलाई घरमा लिन बोलाउँदा नआएपछि गाउँपालिका अध्यक्षकै घरअगाडि रोकेर राखेको गाडी उपाध्यक्षले तोडफोड गरेको बताइएको छ । गाउँपालिका अध्यक्ष सत्य नारायण यादवले भने उपाध्यक्षले ९ बजे नै गाडी बोलाएको र चालक जान ढिला हुँदा गाडी रोकिएकै ठाउँमा आएर तोडफोड गरेको बताए । उपाध्यक्षलाई सुविधा दिँदै आएपनि बखेडा मात्रै झिक्ने काम भएको उनको भनाइ छ । आफूले उनलाई गाडी दिन आनाकानी गरेको विषय साँचो नभएको उनको दाबी छ ।

यस विषयमा उपाध्यक्ष सिंहले आफूलाई दाउरा वितरण गरेको ठाउँको अवलोकन गर्नुपर्ने भएकोले गाडी पठाइदिनका लागि बिहान १० बजेनै अध्यक्षलाई फोन गरेको बताइन् । उनले पटक पटक फोन गरेपनि गाडी नपठाएको र आफूलाई अर्को गाडी चढेर आउनुपरेको झोंकमा सो गाडीमा तोडफोड गरेको स्वीकार गरिन् ।

उपाध्यक्ष सिंहले भनिन्, 'मलाई कार्यालयबाट टाढा गौरीपूर गाउँबाट दैनिक आवतजावत गर्नुपर्छ । अध्यक्ष आफू भने क्वाटर लिएर कार्यालय नजिकै बस्छन् । तर, गाडीको काम पर्दा मलाई आजसम्म कहिल्यै उपलब्ध गराएका छैनन् । आज रिसमा आएर गाडी तोडेकी हुँ ।'

# मापसे चेकजाँचको क्रममा स्थानीय र प्रहरीबीच झडप

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २१ पौष**

सर्लाहीको रमानगर गाउँपालिकामा मापसे चेकजाँचको क्रममा स्थानीय र प्रहरीबीच झडप भएको छ । सो क्रममा प्रहरीमाथि आक्रमण गरेपछि पाँच राउण्ड गोली



हवाई फायर गरेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी सुवास बोहराले जानकारी दिए ।

प्रवक्ता एसपीका अनुसार हिजो राति करिब ९ बजेतिर रामनगर गाउँपालिका ५ स्थित बैजनाथचोकमा इलाका प्रहरी कार्यालय गडहिया डुमरिया सर्लाहीका प्रमुख प्रहरी निरीक्षक उज्ववल कार्कीको कमान्डमा मापसे चेकिङ भइरहेको बेलामा मापसे गरेका केही युवाहरुको समूह परेका थिए । त्यही विषयमा अवरोध खडा गर्न वडा नम्बर ५ का वडाध्यक्ष श्रीनन्दन रायको नेतृत्वमा करिब डेढसयजनाको समूह आएर प्रहरीमाथि लाठी ढुंगाले आक्रमण गराएको प्रहरीको दावी छ । त्यस क्रममा प्रहरी हवल्दार शैलेन्द्र राय यादवको टाउको फुटेर घाइते भएपछि सर्लाहीका डिएसपीको कमाण्डमा थप प्रहरी टोलि पुगेर अवस्था नियन्त्रणमा थ्रीनट थ्री राफइलबाट पाँच राउण्ड गोली हवाई फायर गरेको प्रवक्ता बोहराले बताए । घाइते रायको टाउकोमा पाँचवटा टाका लागेको छ । उनको उपचार जनकपुर न्यूरो अस्पतालमा भइरहेको छ । अर्को पक्ष तर्फ कुनै क्षति नभएको प्रहरीले जनाएको छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**मटिहानी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेषः अनावश्यक चिन्ता
वृषः लामो यात्राको योग छ
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः विचार गरेर बोल्नुहोला
सिंहः अशुभ समाचार प्राप्त हुने
कन्याः खानपानमा समस्या आउने
तुलाः मनमा पछुतो आउने
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः आम्दानी हुने
मकरः अनावश्यक खर्चको संभावना
कूम्भः शुभ कार्यको शुरुवात
मीनः पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# एआईद्वारा परिचालित यूएईमा गतिशील श्रम बजारको उदय

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ पौष**



संयुक्त अरब इमिरेट्स (युएई) को रोजगार बजारले विभिन्न क्षेत्रहरूमा अवसर खोज्ने पेशेवरहरूको लागि विश्वव्यापी गन्तव्यको रूपमा आफुलाई स्थापित गरेको छ । युएईको लगानीमैत्री वातावरण आर्थिक वृद्धिका लागि आकर्षण हो । यो उपलब्धिको श्रेय लगानीमैत्री वातावरणद्वारा समर्थित देशको समृद्ध र विविधतापूर्ण राष्ट्रिय अर्थतन्त्रलाई दिइन्छ ।

युएई विश्वभरिका कुशल पेशेवरहरू र प्रतिभाहरूको लागि सबैभन्दा आकर्षक बजारहरूमध्ये एक हो । उन्नत पूर्वाधार, विविध अवसरहरू, र डिजिटल रूपान्तरण र स्थिरतामा जोड दिने अग्रगामी रणनीतिहरू सहितको प्रतिस्पर्धात्मक योजनाले देशको आर्थिक वृद्धिमा टेवा पुगेको छ । युएईले कामदारहरूको अधिकारको सुरक्षा गर्न र सुरक्षित र स्थिर कार्य वातावरण सुनिश्चित गर्न विश्वव्यापी मानकहरूको अभ्यास गरेको छ । सन् २०२५ को शुरुवातसँगै युएईले अत्यधिक कुशल पेशेवरहरूको लागि विशेष गरी एआई र उद्योगहरूमा एआई प्रविधिको प्रयोगको माग बढ्दो रहेको बताएको छ । विश्वव्यापी रिपोर्टअनुसार युएई वैश्विक प्रतिभाको लागि सबैभन्दा आकर्षक केन्द्रहरू मध्ये एक हो ।

ग्लोबल एचआर म्यानेजमेन्ट कम्पनी (डील) को सन् २०२४ को रिपोर्टले विश्वव्यापी रूपमा वर्क भिसा खोज्ने कामदारका लागि युएई पहिलो रोजाइमा परेको उल्लेख गरेको छ ।

# भागदौड काण्ड: अल्लु अर्जुनले दुई महिनासम्म थानामा हाजिरी लगाउनै पर्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ पौष**



दक्षिण भारतीय अभिनेता अल्लु अर्जुनले हरेक हप्ता आइतबार प्रहरी थानामा हाजिरी गर्नै पर्ने भएको छ । उनको फिल्म पुष्पा २ को विशेष शोको क्रममा भएको भागदौड र महिलाको मृत्युको मामिलामा अभिनेताले प्रहरी थानामा हाजिरी गर्नु पर्ने भएको हो ।

यस मामिलामा अल्लुलाई जनवरी ३ मा एउटा अदालतले नियमित जमानत दिएको थियो । अदालतको निर्देशनअनुसार अभिनेता हरेक आइतबार बिहान १० बजेदेखि १ बजेसम्म अनुसन्धान अधिकृतसमक्ष हाजिर हुनुपर्नेछ । यो क्रम दुई महिना वा आरोपपत्र दायर नभएसम्म जारी रहने बताइएको छ । सञ्चारमाध्यमका अनुसार यसबाहेक अदालतले अभिनेतालाई अदालतको पूर्वसूचना बिना आफ्नो आवास ठेगाना परिवर्तन नगर्न पनि निर्देशन दिएको छ । पूर्व अनुमति बिना देश छाड्न पनि उनीमाथि रोक लगाएको छ । यो मामिला नसल्टिँदासम्म यी सबै सर्तहरू लागू हुनेछन् । **के हो मामिला ?** गएको डिसेम्बर ५ मा हैदराबादको सन्ध्या थिएटरमा पुष्प २ को विशेष प्रिमियर थियो । उक्त प्रिमियरमा अल्लु पनि पुगेका थिए । हलबाहिर अभिनेतालाई हेर्न फ्यानहरूको थेगिनसक्नुको भीड थियो । यसै क्रममा भीडमा भागदौड मच्चियो र एक जना ३५ वर्षीया महिलाको ज्यान गयो । यस घटनामा महिलाको आठ वर्षीय छोरा गम्भीर घाइते भएका छन् । उनी अहिले पनि अस्पतालमा आईसीयूमा छन् । यस दुर्घटनापछि अल्लु अर्जुन, उनको सुरक्षा टोली र थिएटर व्यवस्थापनविरुद्ध चिक्कडपल्ली पुलिस स्टेशनमा मुद्दा दर्ता भएको थियो ।

# यस्तो छ आज विदेशी मुद्राको विनिमय दर



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ पौष**

नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ ।

केन्द्रीय बैंकले तोकेको विनिमयदरअनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ५४ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ०२ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ६४ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ र बिक्रीदर एक सय ७० रुपैयाँ ७४ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५० रुपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ३३ पैसा कायम गरिएको छ । यस्तै अष्ट्रेलियन डलर एकको खरिददर ८५ रुपैयाँ २१ पैसा र बिक्रीदर ८५ रुपैयाँ ५८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ११ पैसा र बिक्रीदर ९५ रुपैयाँ ५२ पैसा, सिङ्गापुर डलर एकको खरिददर ९९ रुपैयाँ ९६ पैसा र बिक्रीदर एक सय रुपैयाँ ४० पैसा निर्धारण गरिएको छ । यसैगरी जापानी येन १० को खरिददर आठ रुपैयाँ ७१ पैसा र बिक्रीदर आठ रुपैयाँ ७५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७१ पैसा र बिक्रीदर १८ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७३ पैसा कायम भएको छ । केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ २८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ४३ पैसा र बिक्रीदर ३० रुपैयाँ ५६ पैसा निर्धारण भएको छ । साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३२ पैसा र बिक्रीदर नौ रुपैयाँ ३६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३२ पैसा र बिक्रीदर १२ रुपैयाँ ३७ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९० पैसा र बिक्रीदर १८ रुपैयाँ ९९ पैसा तोकिएको छ ।

# जय ट्रफीमा पहिलो दिन : स्पीनरको कसिलो बलिङमा ब्याटरको संघर्ष

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ पौष**



नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा आइतबारदेखि सुरू भएको जय ट्रफी मेन्स एलिट कप २०८१ अन्तर्गत आइतबार पहिलो दिनको दुवै खेल सकिएको छ ।

आइतबार पर्साको वीरगन्जमा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब तथा धनुषाको जनकपुरमा बागमती प्रदेश र मधेश प्रदेशबीच पहिलो दिनको खेल भएको थियो । पर्सामा टस हारेर पहिले ब्याटिङ गरेको आर्मी मध्यम योगफलमा सीमित भएको थियो । आर्मी ३४.४ ओभरमा १२१ रनमा समेटियो । कुशल मल्लले सर्वाधिक २५ रन बनाए भने भीम सार्कीले २२ र कप्तान विनोद भण्डारीले २१ रन बनाए । पुलिसका ललित राजवंशी एक्लैले सात विकेट लिए । ललितले १७.४ ओभरमा ४७ रन दिएर ७ विकेट लिएका हुन् । त्यस्तै कुशल भुर्तेल, सर्वन यादव र राशिद खानले १-१ विकेट हात पारे ।

ललितले सन्तोष कार्की, तृतराज दास, सोमपाल कामी, बसिर अहमद, विवेक यादव, शाहब आलम र आकाश चन्दको विकेट लिएका थिए । जवाफमा पुलिसले पहिलो दिनको समाप्तिमा २४ ओभर खेलेर ७ विकेटको क्षतिमा १०३ रन बनाएको छ । पुलिस अब अग्रताबाट १८ रन मात्र पछाडि छ । उसका गुल्शन झा ३४ रनमा अविजित छन् । आर्मीका साहब आलमले ५ विकेट लिँदा सोमपाल कामी र पवन कार्कीले १-१ विकेट लिएका छन् ।

त्यसैगरी जनकपुरमा भइरहेको बागमती प्रदेश र मधेश प्रदेशबीचको अर्को खेलमा टस जितेर ब्याटिङ गरेको मधेशले ३५.२ ओभरमा अलआउट हुँदै १०२ रन बनाएको थियो । मधेशका मयन यादवले सर्वाधिक २१ रन बनाए ।





रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# अदालतमाथि प्रश्न गर्नु मिडियाको धर्म

-अदालतको फैसला र काम 'स्क्यान्डलाइज' गर्न हुँदैन । आदेश मान्नुपर्छ । अदालतभित्र भएका कमीकमजोरी, त्रुटि, लापरबाहीलाई समाचार वा सम्पादकीय बनाउनु मिडियाको अधिकार र धर्म हो । हालै नेपाली मिडियामा राजनीतिक प्रकृतिका र नियुक्तिका मुद्दा वर्षौं अल्झिने आशयका समाचार सार्वजनिक भए । प्रधानन्यायाधीशले अब सुधार सुरु गर्नुपर्छ भन्ने म्यासेज यस्ता समाचारले दिन्छन् । समाचारलाई जनताको बहस र लिखित बहसनोट मान्नुपर्छ ।

आज अदालतप्रति आस्था र विश्वास घटेको छ । नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता र संविधान दुवै पालना भएको छैन । यूएन 'बेसिक प्रिन्सिपल अन द इन्डिपेन्डेन्स अफ द जुडिसियरी' मा न्यायपालिकाको स्वतन्त्रता संविधानबाट प्रत्याभूति गर्नुपर्छ भन्ने छ । 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ को धारा १४(१)' मा अदालत कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र, निष्पक्ष र धारा १४(३) (सी) मा 'अनावश्यक ढिलाइ नगरी सुनुवाइ गरिनुपर्छ' भन्ने उल्लेख छ । संविधानको प्रस्तावना र धारा ५१(ट)(१) मा 'न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र उत्तरदायी' बनाउने राज्यको नीति उल्लेख छ । धारा १३६ मा न्याय 'प्रशासनलाई प्रभावकारी बनाउने' जिम्मा प्रधानन्यायाधीशको हुने भन्नुको अर्थ धारा ५१(ट)(१) लागू गर्ने जिम्मा उनकै हो भनिएको हो । प्रधानन्यायाधीशले शपथ खाँदा 'संविधानको पालना गर्छु' भनेको धारा ५१(ट)(१) पनि इमानदारिताका साथ लागू गर्छु भन्ने शपथ हो । तर, पूर्वप्रधानन्यायाधीशहरूबाट धारा ५१(ट)(१) लागू भएन । समस्या न्यायपालिका 'संस्था' को स्वतन्त्रतामा होइन । अदालत सञ्चालन न्यायाधीशबाट हुन्छ । अदालतमा हुनुपर्ने भनिएका स्वतन्त्र, सक्षम र निष्पक्षताका गुणहरू न्यायाधीशहरूमा हुनुपर्ने गुण हुन् । मुद्दा हेर्ने अधिकार न्यायाधीशबाट प्रयोग हुन्छ । न्यायपालिकाको स्वतन्त्र, सक्षम र निष्पक्षता संविधानमा लेखेर गर्न सकिन्छ । तर न्यायाधीशको स्वतन्त्रता, सक्षमता र निष्पक्षता कानुन वा संविधानमा लेखेर गर्न सकिँदैन । 'शपथ, आचरण, इमानदारिता र आचारसंहिता' को पालनामा भर र विश्वासमा पर्नुपर्छ ।

कानुनले न्यायाधीशको आचरण र इमानदारिताको पालना 'मनिटर' गर्न सक्दैन । न्यायाधीशको निष्पक्षता, इमानदारितामा न्याय पर्छ वा मर्छ । न्यायाधीशमा हुनुपर्ने ३ गुण भनेको २ हजार वर्षअगाडि ग्रिक माइथोलोजीको आँखा छोपेको न्यायको देवी हो । कहिलेकाहीं न्यायमूर्तिको सुनुवाइमा बन्द हुनुपर्ने आँखा खुलेको हो कि भनेर शंका गर्न सकिने आधार देखिन्छ । 'न्यायपालिकीय स्वतन्त्रतामा' कुनै शंका र समस्या छैन । न्यायपालिकीय स्वतन्त्रता अमेरिकामा भन्दा नेपालको बलियो छ । न्यायाधीशमा हुनुपर्ने ३ गुणमध्ये सक्षमताको प्रश्न उठाइएको छैन । स्वतन्त्रता र निष्पक्षतामा भने नियुक्तिमा भागबन्डीय संस्कार विकास भएको र कुनै कामको आधारमा शंका गर्न सकिन्छ । धारा ५१(ट)(१) को कार्यान्वयनको जिम्मा प्रधानन्यायाधीशको हुन्छ । सामाजिक र आर्थिक न्याय भएन भने धारा १७(२) को (क) (ख) र (ङ) को अधिकार र स्वतन्त्रताले जनता सरकारको विरोधमा उत्रन्छन् । तर धारा ५१(ट) (१) को 'कानुनी न्याय' कार्यान्वयन गर्ने जिम्मा धारा १३६ ले प्रधानन्यायाधीशलाई दिएकाले विरोध गरिँदैन । न्यायपालिकाले अन्तर्राष्ट्रिय 'अब्लिगेसन' पूरा र पालना गर्न सकेन । आर्थिक र सामाजिक न्याय नपाउँदा मिडियाले समाचार लेख्छन्, सम्पादकीय लेख्छन् । सरकारलाई घचघच्याउँछन् । जनताको विरोधले सरकार फेरिन्छ । हुलहुज्जत र तोडफोड गरे पनि क्षम्य हुन्छ तर धारा ५१(ट)(१) कार्यान्वयन नहुँदा नेपाली नागरिकको संविधानको धारा १८ देखि धारा ४४ सम्मका हक हनन भइरहेको हुन्छ । बार, नागरिक र मिडिया संयम हुन्छन् ।



समाचार र सम्पादकीयको विषय बनाइँदैन ।राज्यका २ अंगप्रति जनताको विश्वास नभएकाले अदालतप्रति पनि जनताको विश्वास कम हुँदै गयो भने कानुनी शासनलाई नकारात्मक असर पर्छ भनेर अदालतलाई थप विवादित नबनाउन बार, जनता तथा मिडिया एकमत छन् । प्रधानन्यायाधीशले समाचारलाई 'आई ओपनर' मानेर अदालतको कमजोरी सार्वजनिक गर्न मिडियालाई प्रोत्साहन गर्नुपर्छ । आलोचना सुरुमा असह्य र नपच्ने सक्छ तर सुधारलाई बिउ हुन सक्छ । बेलायतका न्यायमूर्ति 'लर्ड डेनिङ' ले आर भर्सेस मेट्रोपोलिटिन पुलिस कमिस्नरको मुद्दामा 'हाम्रोविरुद्ध, हाम्रो फैसलाविरुद्ध र कामविरुद्ध कसैले बोल्यो वा आलोचना गर्‍यो भने हाम्रो मर्यादा बचाउन सजाय गर्ने अधिकार हामी कहिल्यै प्रयोग गर्दैनौं र गर्ने छैनौं । हामी त्यसलाई सांसदले संसद्मा बोलेको जस्तै आलोचना गर्नेले पनि वाक् तथा प्रकाशन स्वतन्त्रताको अधिकार प्रयोग गरेको मान्छौं । न हामी आलोचनादेखि डराउँछौं, न बदला नै लिन्छौं । गाली गर्नेले हाम्रो फैसला गलत या बर्बरतापूर्ण भने पनि हामी उसको पछि लाग्दैनौं' भन्ने नजिर बसाल्नुभयो । 'जुडिसियल सेल्फ रेस्ट्रेन' यही । उक्त फैसला आज विश्वमा चर्चित छ । भारतका चर्चित पूर्वप्रधानन्यायाधीश जेएस बर्माले २८ जुन १९९७ मा 'घिया मेमोरियल लेक्चर' मा 'न्यायाधीशहरूले अरूलाई संविधानको घेराभित्र राख्ने गर्छन् तर यसको मतलब आफू संविधान बाहिर गएर मनपरी गर्न छुट छ भन्ने होइन । आफू झनै संविधानको घेराभित्र रहनुपर्छ' भन्नुभयो । 'न्यायाधीशले सम्मान कामबाट कमाउन सक्नुपर्छ । मलाई अरूले सम्मान गर्नुपर्छ भन्ने होइन' पनि भन्नुभयो ।

कमजोरी र ढिलासुस्तीले सेवाग्राहीले पाएका दुःख, भोग्नुपरेको झन्झट, कठिनाइ, तारिख लिँदालिँदा दुःख पाएका कुरा मुस्किलले बाहिर आउँछ । यस्तो कुरा सार्वजनिक गर्नु मिडियाको धर्म हो । बाहिर नआएरै अदालतमा सुधार नभएर ढिलासुस्ती भएको हो । यस खालका समाचारले नेपाली जनताको धारा २७ को सुसूचित हुने हक प्रचलन गराएको मान्नुपर्छ । समस्या बाहिर ल्याइदिन न्यायको 'स्टेकहोल्डर', बारलगायत मिडियाको सम्पादकीयलाई सर्वोच्च अदालतले प्रोत्साहन गर्नुपर्छ ।

*साभार : कान्तिपुर ।*


**तु.आवश्यकता**

जनकपुरधामको मुरली चौकमा अवस्थित एक होटललाई कुक चाहिएकोले महिला वा पुरुषले तुरुन्त सम्पर्क गर्न सूचित गरिन्छ । आकर्षक तलबको व्यवस्था छ ।



सम्पर्क मोबाइल : 9844104976






**मिथिला बिहारी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल











**स्वास्थ्य निर्देशनालय**
सपही
धनुषा, मधेश प्रदेश नेपाल


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday